श्री

राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

फैसला

२०७९।०८० सालको निर्णय नं. २९५

पुनरावेदन नं. ०७४-RB-०१२६

<u>मुद्दाः– अग्रिम कर (२०६५/०६६ र २०६६/०६७)</u>

काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा न. १ हात्तिसारमा मुख्य कार्यालय रहेको हाइल्याण्ड डिष्ट्रीलरी प्रा. लि. (स्थायी लेखा नं. ३०००४६९४८) का तर्फबाट अधिकार प्राप्त राजेशलाल श्रेष्ठ.......................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..............................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री आनन्दराज ढकाल

शुरु कार्यालयको निर्णय मितिः–२०६९/०४/२३

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणि शर्मा

निर्णय मितिः- २०७४।०१।१७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री रमणकुमार कर्ण

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः** ×

पुनरावेदक करदाताको हकमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०६९/०४/२३ मा भएको अग्रिम कर निर्धारणको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७४।०१।१७ मा भएको निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ ।

## तथ्य खण्ड

१. करदाता हाइल्याण्ड डिष्ट्रीलरी प्रा. लि. को कर परीक्षणको सिलसिलामा आ.व. २०६५/०६६ र २०६६/६७ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०६९।०३।१२ मा पेश हुन आएको प्रतिवेदन ।

२. आ.व. २०६५/०६६ र २०६६/६७ को पूर्ण कर परीक्षणको सिलसिलामा करदाताको खर्च भुक्तानी विवरण तथा वित्तीय विवरण समेतको प्रमाणहरू छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन अनुसार करदाताको आ.व. २०६५/०६६ र २०६६/६७ को लागि आयकर ऐन, २०५८ दफा ९०(८) बमोजिम अग्रिम कर कट्टी माग गर्ने प्रयोजनको लागि अग्रिम कर कट्टी रकम र शुल्क समेत गरी जम्मा रू.१,३७,८३,०७१।५८ र दफा ११९ बमोजिम हाल सम्मको ब्याज समेत गणना गरी १५ (पन्ध्र) दिनभित्र दाखिल गर्नुहुन वा सो दाखिला गर्नु नपर्ने कुनै कारण भए सोको प्रमाण सहितको जवाफ पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०६९।०३।१३ मा सुचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०६९।०३।१३ मा जारी भएको सूचना करदाताले मिति २०६९।०३।१३ मा बुझी लिई सोको लिखित जवाफ मिति २०६९।०३।२७ मा पेश गरेको ।

४. करदातासँग आ.ब. २०६५/०६६ र २०६६/६७ को लागि अग्रिम कर, सूचना जारी गर्ने समयसम्मको आयकर ऐन, २०५८ को दफा ११९(१) बमोजिम व्याज तथा दफा १२०(क) बमोजिम शुल्क समेत गणना गरी आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम रू.१,३०,४९,५४०।५७ अग्रिम कर दाखिला गर्न करदातालाई सूचना दिने भनी

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०६९।०४।२३ मा खडा भएको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०६९।०४।२३ मा जारी गरेको आ.व. २०६५/०६६ र २०६६/६७ को अग्रिम कर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी हाइल्याण्ड डिष्ट्रीलरी प्रा. लि. ले प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा मिति २०६९।०६।२५ मा पेश गरेको निवेदन।

६. निवेदकले Business Promotion भनी दावी गरेको खर्च कुनै खर्चको सोधभर्नाको रूपमा दिएको नभई मुख्य वितरक (Sole Distributor) मार्फत आफ्ना डिलरहरूलाई मदिरा विक्री वितरण गरे वापत प्रोत्साहन स्वरूप Credit Note को माध्यमबाट विक्री वोनस वा नगद ईन्सेन्टिभको (Sales Bonus or Cash Incentive) रूपमा रकम भुक्तानी गरेको देखिएको हुँदा निवेदकले जुनसकै शिर्षकमा खर्च लेखेको भए तापनि सो भुक्तानीमा आयकर ऐन २०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरी दाखिला गर्ने गरी कार्यालयले गरेको कर निर्धारणको निर्णय कानून सम्मत भएकोले करदाताको जिकिर नपुग्ने साथै आयकर ऐन २०५८ को दफा ८८(४) मा मू.अ.करमा दर्ता भएको सेवा प्रदायक वासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा भुक्तानी रकमको एक दशमलव पाँच प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको र प्रस्तुत कम्पनी (डिष्टिलरी) ले सेवा प्रदायक वासिन्दा व्यक्तिलाई सेवा शुल्कको रकम भुक्तानी गरेको अवस्था नभई आफ्नो उत्पादन (मदिरा) को कारोबार गर्ने वितरक तथा डिलर (फर्म तथा निकाय) हरू लाई विक्री वोनसको रकम वितरण गरेको देखिएकोले सोमा अग्रिम कर माग गर्ने गरी कार्यालयबाट भएको कर निर्धारणलाई अन्यथा भन्न सक्ने अवस्था नदेखिएकोले Business Promotion खर्च कुनै खर्चको सोधभर्नाको रूपमा नभई उत्पादन बिक्री वापतको प्रोत्साहन रकम भएकोले सोमा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम करकट्टी गर्नुपर्ने भनी कार्यालयबाट भएको निर्णय कानून सम्मत देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७४।०१।१७ मा भएको निर्णय।

७. आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर, शुल्क र ब्याज समेत जम्मा रू.१,३०,४९,५४०।५७ माग गर्नु भएको छ। ठूला करदाता कार्यालयले अग्रिम कर निर्धारण गर्दा आ.व. २०६५/०६६ र २०६६/६७ को Business Promotion Expenses भनी नाफा नोक्सान हिसाबमा खर्च दावी गरिएको रकम भुक्तानी गर्दा कम्पनीको प्रमुख वितरक श्री प्राइम इन्टरनेशनल मार्फत आफ्ना वितरकहरुलाई प्रोत्साहन स्वरुप भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम भएको अग्रिम कर, दफा ११९

बमोजिम व्याज तथा दफा १२०(क) बमोजिम शुल्क समेत माग गर्ने गरेको निर्णय कानूनसम्मत नदेखिएको हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाता हाइल्याण्ड डिष्ट्रीलरी प्रा. लि. का तर्फबाट मिति २०७४/१२/०७ मा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्याविधि सहिता,२०७४ को दफा १४०(३) बमोजिम छुलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७६।०८।०६ को यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेसी सूचिमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता हाइल्याण्ड डिष्ट्रीलरी प्रा. लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री रमणकुमार कर्णले Business Promotion Expenses भनी नाफा नोक्सान हिसाबमा खर्च दावी गरिएको रकम भुक्तानी गर्दा कम्पनीको प्रमुख वितरक प्राइम इन्टरनेशनल मार्फत आफ्ना वितरकहरुलाई प्रोत्साहन स्वरुप भुक्तानी गरिएको खर्चमा अग्रिम करकट्टी गर्नुपर्ने गरी शुरु कार्यालयबाट आयकर ऐन, २०५८ विपरीत निर्धारण गरिएको अग्रिम कर, व्याज, र शुल्क समेत लाग्ने गरी गरिएको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय समेत बदर गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

१०. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरू कार्यालयबाट भएको अग्रिम कर निर्धारणको आदेश तथा सोही निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अग्रिम कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१२. अब निर्णयतर्फ विचार गर्दा, करदाताको आ.व. २०६५।०६६ र २०६६।०६७ को हकमा यस अघि अग्रिम कर माग भएको अवस्था नभएकोले करदाताले Business

Promotion खर्चमा भुक्तानी दिई खर्च लेखेको रकम रु.४,७४,२२,४९१।०२ मा आयकर ऐन २०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशतका दरले हुने रु.७१,१३,३७३।६६ अग्रिम कर कट्टी गर्ने गरी गरेको आदेश न्यायोचित नहुँदा शुरु आदेश र आन्तरिक राजस्व विभागवाट सोही आदेश सदर गर्ने गरी भएको मिति २०७४।०१।१७ को निर्णय समेत त्रुटीपूर्ण हुंदा बदर गरी पाउँ भन्ने मुख्य जिकिर लिइ पुनरावेदन पत्र दायर भएको देखियो।

१३. करदाताले आ.व. २०६५।०६६ र २०६६।०६७ को नाफा नोक्सान हिसावमा बिक्री बितरण खर्च अन्तर्गत Business Promotion भनी दावी गरेको रकम सो कम्पनीको एकमात्र अधिकृत बिक्रेता (Sole Distributor) प्राईम ईन्टरनेशनल प्रा.लि. मार्फत डिलरहरूलाई मदिरा बिक्री बितरण गरे बापत Credit Note मार्फत रकम उपलब्ध गराइएको देखिन्छ। हाइल्याण्ड डिष्टिलरीले प्राईम ईन्टरनेशनललाई जारी गरेको Credit Note को बिबरण अनुसार नै वितरकहरुले पाएको रकम प्राईम ईन्टरनेशनल प्रा.लि.ले डिलरहरूलाई सोही प्रकारले Credit Note नै जारी गरेको क्रेडिट नोटमा उल्लेखित रकम निजहरूले आफ्नो लेनादेनामा हिसाब मिलान गरेको देखिन्छ। यसरी मदिरा बिक्री बितरण गरेबापत क्रेडिट नोटको माध्यमबाट बितरकहरूलाई भुक्तानी दिएको रकम वितरकसम्म मात्र सिमित रहने र सो रकम निज वितरकहरूको अतिरिक्त आय हुनेमा विवाद देखिदैन। आयकर ऐन, २०५८ को दफा ८८(१) मा "वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री वोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कट्टी गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखियो। करदाता हाईल्याण्ड डिष्टिलरीले Business Promotion भनी दावी गरेको खर्च कुनै खर्चको सोधभर्नाको रूपमा दिएको नभई प्राईम ईन्टरनेशनल प्रा.लि. मार्फत आफ्ना डिलरहरूलाई मदिरा विक्री वितरण गरे वापत प्रोत्साहन स्वरूप Credit Note को माध्यमबाट विक्री वोनस वा नगद ईन्सेन्टिभ (Sales Bonus or Cash Incentive) को रूपमा वितरकहरुले अतिरिक्त आय प्राप्त गरेको देखिएकोले करदाताले Business Promotion भनी भुक्तानी भएको रकम बिक्री वोनस भएको स्पष्ट हुँदा त्यस्तो रकममा करदाताले आयकर ऐन २०५८ को दफा ८८(१) बमोजिम अग्रिम कर कट्टा गरी दाखिला गर्नुपर्ने नै देखिन्छ। यस स्थितिमा करदाताले प्रमुख वितरक 'प्राईम ईन्टरनेशनल प्रा.लि. मार्फत भुक्तानी गरेको उक्त खर्च रकम वितरकहरुले विभिन्न सहायक वितरकहरु हुदै भुक्तान गर्दै जाने अबस्था भएकोले कुनै पनि निकायको आम्दानीमा सो रकम उल्लेख नहुने हुँदा वितरक मार्फत गरिएको उक्त खर्चमा अग्रिम आयकर कट्टा गर्नु पर्ने अवस्था नै श्रृजना हुदैन भनि लिएको पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

१४. तसर्थः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता हाइल्याण्ड डिष्ट्रीलरी प्रा.लि. (स्थायी लेखा नं. ३०००४६९४८) को आ.ब. २०६५/०६६ र ०६६/०६७ को ठूला करदाता कार्यालय ललितपुरबाट आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग गरी मिति २०६९।०४।२३ मा भएको निर्णय र सोही निर्णय सदर गर्नेगरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७४।०१।१७ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसील खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालयलाई दिनू।
२. सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. यस मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल सम्वन्धित कर कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०७९ साल चैत्र २६ गते रोज १ शुभम................................
प्रमाणिकरण मितिः-
फैसला प्रमाणिकरण गर्नेः-                    राजस्व न्यायाधिकरण काठमाण्डौको छाप